# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

मिति २०७८/०९/२६ गते सोमबारका दिन स्मार्ट क्याफे, धुम्बाराही, काठमाण्डौमा सम्पन्न

## नवौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

### १. पृष्ठभूमी

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभा मिति २०७८/०९/२६ गते सोमबार (तदनुसार १० जनवरी, २०२२) मा स्मार्ट क्याफेको हल, धुम्वाराही, काठमाण्डौबाट भर्चुवल (Zoom Meeting) माध्यम मार्फत सम्पन्न भयो । कम्पनी सचिव श्री नरनाथ न्यौपानेले सभाहलमा कम्पनीको संचालक समितिका अध्यक्ष, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि, लेखापरीक्षक, शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. का प्रतिनिधि, संस्थापक शेयरधनीका प्रतिनिधिहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै भर्चुवल (Zoom Meeting) माध्यमबाट साधारण सभामा सहभागिता जनाउनुहुने सम्पूर्ण महानुभावहरुलाई नवौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नुभयो । कम्पनीको संचालक समितिका अध्यक्ष श्री माधव प्रसाद कोइरालाज्यूलाई कोभिड संक्रमण भएकाले उहाँले भर्चुवल (Zoom Meeting) माध्यम मार्फत सभामा सहभागिता जनाउनु भयो । संचालक समितिका अध्यक्ष श्री माधव प्रसाद कोइरालाले यथास्थानबाट सभाको अध्यक्षता गर्नुभए पश्चात अध्यक्षज्यूको अनुमति अनुसार कम्पनी सचिवद्वारा सभा संचालन भयो ।

साधारण सभामा अध्यक्षज्यूले आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । तत्पश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु प्रस्तुत भई सो उपर छलफल तथा निर्णय भएको थियो । साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित विषय सूची अनुसारका विषयहरुमा छलफल तथा निर्णय गरी दिउँसो १:०० बजे सम्पन्न भएको थियो ।

### २. सभाको सूचना

कम्पनीको नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रथम पटक मिति २०७८/०९/२ मा र दोस्रो पटक मिति २०७८/०९/२३ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै सभाको सूचना, विषय सूची, आ.व. २०७७/०७८ को वासलात, नगद प्रवाह विवरण र अनुसूचीहरु सम्मिलित वार्षिक प्रतिवेदन संस्थापक शेयरधनीहरु तथा सम्पर्कमा रहेका साधारण शेयरधनीहरुको ठेगानामा समेत पठाईएको थियो ।

### ३. उपस्थिति

(क) **कम्पनीका संचालक समिति तथा व्यवस्थापनका पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री माधव प्रसाद कोइराला | अध्यक्ष |
| २. | श्री प्रवल अधिकारी | संचालक |
| ३. | श्री सुभाष कुमार मिश्र | संचालक |
| ४. | श्री राम प्रसाद रिमाल | संचालक |
| ५. | श्री भिम प्रसाद तिमल्सिना | संचालक |
| ६. | श्री ध्रुव प्रसाद अधिकारी | संचालक |

७. श्री छवि लाल गैह्रे — प्रमुख कार्यकारी अधिकृत
८. बरिष्ठ अधिवक्ता डा. दिनमणी पोखेल — कानूनी सल्लाहकार
९. श्री सत्यराम ज्याख्वा — आयोजना प्रमुख
१०. श्री धर्मराज शर्मा — प्रमुख, वित्त महाशाखा
११. श्री सरोज अधिकारी — प्रमुख, प्रशासन महाशाखा
१२. श्री प्रदिप मानन्धर — प्रमुख करार प्रशासन महाशाखा
१३. श्री रिजन पौडेल — प्रमुख, इलेक्ट्रोमेकानिकल महाशाखा
१४. श्री गौतम राज खड्का — बरिष्ठ डिजाइन इन्जिनियर
१५. श्री नरनाथ न्यौपाने — कम्पनी सचिव

(ख) **आमन्त्रित :**

१. श्री हरी प्रसाद अधिकारी — कम्पनी रजिष्ट्रारको कार्यालय
२. श्री कुलचन्द्र रिमाल — नेपाल स्टक एक्सचेन्ज लिमिटेड
३. श्री सागर आचार्य — लेखापरीक्षक, आ.व. २०७७/०७८
४. श्री चन्दन कार्की — प्रमुख कार्यकारी अधिकृत, शेयर रजिष्ट्रार, सिद्धार्थ क्यापिटल लिमिटेड
५. श्री सुनिल कुमार ढुंगेल — प्रमुख कार्यकारी अधिकृत, सान्जेन जलविद्युत कम्पनी लिमिटेड

(ग) **संस्थापक शेयरधनीका प्रतिनिधिहरु :**

१. डा. प्रशान्त मण्डल — प्रतिनिधी, चिलिमे जलविद्युत कम्पनी लिमिटेड
२. श्री समिर प्रसाद पोखरेल — प्रतिनिधी, नेपाल विद्युत प्राधिकरण

(घ) **सर्वसाधारण समुह तर्फका शेयरधनीहरु :**

यस कम्पनीको पूँजी संरचनामा भएको व्यवस्था बमोजिम गत आ.व. २०७७/०७८ सम्ममा सर्वसाधारण शेयरधनी समुह अन्तर्गतका शेयरधनीहरुलाई छुट्याइएको जारी पूँजीको ४९% शेयर मध्ये ३९% शेयर निष्काशन तथा बाँडफाँड भइसकेको । उक्त शेयर बाँडफाँड पश्चात कायम शेयरधनीहरु मध्येबाट यस नवौं वार्षिक साधारण सभामा ८६,६५४ कित्ता शेयर धारण गर्ने शेयरधनीहरुको उपस्थिति तथा सहभागिता भएको थियो ।

## ४. सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु

साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए :

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको यस कम्पनीको आ.ब. २०७७/०७८ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. कम्पनीको लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ साल आषाढ मसान्तको वासलात र आ.ब. २०७७/०७८ को आय व्यय विवरण तथा नगद-प्रवाह विवरण सहितका अनुसूचीहरुमा छलफल गरी पारित गर्ने ।
३. आ.ब. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) विशेष प्रस्ताव

१. कम्पनीको चुक्ता पूँजी र संचित मुनाफा (फ्री रिजर्भ) को जम्मा रकम भन्दा बढी हुनेगरी ऋण लिने निर्णय अनुमोदन हुन तथा थप ऋण लिन स्वीकृती प्रदान गर्ने सम्बन्धमा ।

## ५. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

कम्पनीले सर्वसाधारण शेयरधनी समुह अन्तर्गतका शेयरधनी मध्ये कर्मचारी संचय कोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारीका लागि १९.५%, संस्थापक संगठित संस्थाका कर्मचारीका लागि ३.५%, ऋणदाता संस्थाका कर्मचारीका लागि १% र कम्पनीका कर्मचारी, सामुहिक लगानी कोषहरु र सर्वसाधारणका लागि १५% गरी जारी पूँजीको जम्मा ३९% अर्थात २,६६,८४,१९० कित्ता र संस्थापक शेयरधनी समुह अन्तर्गतका शेयरधनीमा श्री चिलिमे जलविद्युत कम्पनी लि. का लागि ३२.७९%, श्री नेपाल विद्युत प्राधिकरणका लागि १८% र श्री रसुवा जिल्लाका सम्बन्धित स्थानीय तहका लागि ०.२१% गरी जारी पूँजीको जम्मा ५१% अर्थात ३,४८,९४,७१० गरी जम्मा ९०% अर्थात ६,१५,७८,९०० कित्ता शेयर निष्काशन तथा बाँडफाँड गरिसकेकोमा सर्वसाधारण शेयरधनी समुहबाट ८६,६५४ कित्ता शेयर धारण गर्ने शेयरधनीहरु र संस्थापक शेयरधनी समुहबाट ३,४७,५३,०९० कित्ता शेयर धारण गर्ने संस्थापक संस्थाका प्रतिनिधिहरु सभा स्थलमा उपस्थित भई हाजिरी जनाउनु भएकाले हालसम्म निष्काशन तथा विक्रि वितरण भएको ६,१५,७८,९०० कित्ता शेयरहरु मध्ये सभामा ५६.७१% अर्थात ३,४८,३९,७४४ कित्ता शेयर संख्याको प्रतिनिधित्व भएको थियो ।

## ६. सभाको वैधानिकता

कम्पनीको जारी पूँजीको ५०.७९% तथा चुक्ता पूँजीको ५६.४४% शेयर धारण गर्ने मुख्य संस्थापक शेयरधनीहरु आफ्ना प्रतिनिधि मार्फत सभास्थलमा उपस्थित भएका र ८६,६५४ कित्ता शेयर धारण गर्ने सर्वसाधारण समुहका शेयरधनीहरुको समेत सभामा सहभागिता भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा संचालन गर्नको लागि गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा सभास्थलमा उपस्थित तथा भर्चुअल माध्यमद्वारा सहभागी शेयरधनीहरुको सभाले गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक संचालन गर्न अनुमति प्राप्त भयो । सो पश्चात नवौं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीका संचालक समितिका अध्यक्ष श्री माधव प्रसाद कोइरालाज्यूले गर्नुहुने कुरा सभामा जानकारी गराईयो । त्यसपछि निर्धारित विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

## ७. सभा संचालन तथा प्रस्ताव उपर छलफल

सभामा विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न सभाका अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सभाध्यक्ष श्री माधव प्रसाद कोइरालाज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नुभयो । तत्पश्चात अध्यक्षज्यूले संचालक समितिको तर्फबाट आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उक्त प्रतिवेदन तथा उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०७७/०७८ को आर्थिक विवरण र संलग्न अनुसूचीहरु उपर आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न अनुरोध गरियो ।

८. शेयरधनीहरुको जिज्ञासा तथा राय सुझावहरु

(क) श्री कृष्ण प्रसाद अधिकारी, सर्वसाधारण शेयरधनी :

शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीले सभामा आफ्नो धारणा राख्ने शेयरधनीहरुलाई वार्षिक प्रतिवेदन सम्बन्धित ठेगानामा पठाइदिन अनुरोध गर्नुभयो । आयोजनाले भुकम्प, नाकाबन्दी, बाढी पहिरो लगायतका विभिन्न व्यवधानहरु भोग्नु परेकाले समयमा निर्माण सम्पन्न गर्न नसकेता पनि अब चाहिं तोकिएको समयमा नै सम्पन्न होस भनि सुभेच्छा प्रकट गर्नुभयो । आयोजनाले आफ्नो नियमित व्यापार व्यवसाय शुरु गरी नसकेकाले नाफा नोक्सान लगायतको वित्तीय विवरणमा टिप्पणी गर्नु सान्दर्भिक नरहेको धारणा राख्नुभयो । त्यसैगरी उहाँले वार्षिक प्रतिवेदनमा उल्लेखित सबै विषयवस्तुहरु आफ्नै राष्ट्रिय भाषा नेपालीमा उल्लेख गर्न अनुरोध गर्नुभयो । उहाँले शेयरधनीसंग कम्पनीले बेलाबेलामा आयोजनाको प्रगतिका सम्बन्धमा छलफल गर्नुपर्ने धारणा पनि राख्नुभयो । त्यसैगरी आयोजना प्रभावित स्थानीवासीका लागि छिट्टै शेयर निष्काशन गरेर संचालक समितिलाई पनि पूर्णता दिने कार्य अगाडि बढोस् भनि अरु सबै विषय वार्षिक प्रतिवेदनमा उल्लेख भएकाले यस सम्बन्धमा भनिरहनु नपर्ने धारणा राख्दै यस नवौ बार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

(ख) श्री समिर प्रसाद पोखरेल, संस्थापक शेयरधनी संस्थाका प्रतिनिधि :

संस्थापक शेयरधनी श्री नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि श्री समिर प्रसाद पोखरेलले वार्षिक प्रतिवेदन अध्ययन गर्दा आयोजनाबाट उत्पादन हुने विद्युत प्रति मेगावाट निर्माण अवधीको व्याज बाहेक लगभग रु. १५ करोड लाग्ने देखिएको र उक्त रकम अहिलेको अवस्थामा सस्तो नै रहेको भन्ने धारणा राख्नुभयो । त्यसैगरी उहाँले कम्पनीको वित्तीय विवरणहरु IFRIC-12 अनुसार नभएकाले सो का लागि कम्पनीले छलफल गर्नुपर्ने धारणा पनि राख्नुभयो । साथै उहाँले अरु सबै विषयहरु राम्रै रहेकाले कम्पनीले आयोजनाको निर्माण तोकिएकै समयमा सम्पन्न गर्न सकोस भन्दै शुभकामना व्यक्त गर्नुभयो ।

(ग) डा. प्रशान्त मण्डल, संस्थापक शेयरधनी संस्थाको प्रतिनिधि:

संस्थापक शेयरधनी श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडका प्रतिनिधि श्री प्रशान्त मण्डलले वार्षिक प्रतिवेदन अलि छिटो उपलब्ध गराइदिनहुन अनुरोध गर्नुभयो । त्यसैगरी उहाँले आयोजना निर्माणको समग्र कार्यप्रगति ८५% भएको देखिएको र खर्च १५ अर्व भएको पाइएकोले बाँकी कार्य सम्पन्न गर्न के कस्तो वित्तीय व्यवस्थापन भएको छ सो को जानकारीका लागि अनुरोध गर्नुभयो । निर्माणाधीन आयोजना जति छिटो सकियो संस्थापक संस्थालाई त्यति नै छिटो फाइदा प्राप्त हुने भएकाले आयोजना तोकिएकै समयमा सम्पन्न होस भन्ने धारणा राख्दै सो को लागि शुभकामना व्यक्त गर्नुभयो ।

९. संचालक समितिको तर्फबाट शेयरधनीहरुको जिज्ञासाका सम्बन्धमा अध्यक्षज्यूले दिनुभएको जवाफ :

शेयरधनी महानुभावहरुले उठाउनुभएको विषयवस्तुहरु निकै महत्वपुर्ण रहेको भन्दै अर्थपुर्ण छलफल र सुझावका लागि अध्यक्षज्युले धन्यबाद दिनुभएको थियो । कम्पनीको संचालक समिति र व्यवस्थापन कुशल र सक्षम रहेकाले आयोजनाको निर्माण कार्य छिट्टै सम्पन्न हुनेमा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको धारण र विश्वासबाट आफु र कम्पनीलाई निकै गर्व महसुस हुनुका

साथै यसबाट अझ थप हौसला प्राप्त भएको धारणा राख्नुभयो । सो अवसरमा आयोजना छिटो भन्दा छिटो सम्पन्न गर्न गराउन कम्पनीले विशेष ध्यान दिइरहेको धारणा पनि अध्यक्षज्यूले व्यक्त गर्नुभयो ।

त्यसैगरी अध्यक्षज्यूले सम्पूर्ण शेयरधनीहरुको जिज्ञासा र अपेक्षको रुपमा रहेको आयोजना निर्माण तोकिएकै समयमा सम्पन्न गर्ने सम्बन्धमा आयोजना निर्माणलाई कम्पनीले विशेष प्राथमिकतामा राखेर अघि बढाइरहेकोमा विभिन्न समयमा आइपरेका काबु बाहिरका परिस्थितिहरु जस्तैः भुकम्प, नाकाबन्दी, बाढि, पहिरो, कोभिड-१९ को संक्रमण लगायतका कारण कम्पनीद्वारा निर्माणाधीन आयोजनाको कार्यतालिका समेत परिवर्तन हुँदै गएको व्यहोरा जानकारी गराउनुभयो ।

अध्यक्षज्यूले आयोजनाको निर्माण कार्य जतिसक्दो चाँडो सम्पन्न गर्नुनै आफुहरुको मुल उदेश्य रहेको र सोबाट नै शेयरधनीहरुको हित हुने धारणा राख्दै निर्माणाधीन आयोजना सम्पन्न गरे पश्चात यस कम्पनीले संस्थापक संस्था/कम्पनीहरुसंग समन्वय गरेर अन्य आयोजनाको निर्माणका लागि समेत आवश्यक पहल गर्ने धारणा राख्नुभयो । शेयरधनीहरुको जिज्ञासा अनुरुप समयमै वार्षिक प्रतिवेदन उपलब्ध गराउने र शेयरधनीहरुसंग आयोजनाको कार्यप्रगतिका सम्बन्धमा बेलाबखत छलफल गर्ने व्यवस्थाका लागि पहल गरिने जानकारी गराउनुभयो । त्यसैगरी व्यवहारीक र चलनचल्तीका आधारमा वार्षिक प्रतिवेदनका सबै विषयवस्तुहरु नेपाली भाषामा राख्ने विषयमा छलफल गर्ने र IFRIC-12 अनुसार वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्बन्धमा समेत छलफल भइरहेको व्यहोरा शेयरधनीहरुलाई जानकारी गराउनुभयो ।

त्यसैगरी अध्यक्षज्यूले आयोजना प्रभावित स्थानियवासीका लागि शेयर निष्काशनको प्रक्रिया अघि बढिसकेको, आयोजना निर्माणको लागत बढ्न नदिन हरसम्भव प्रयास भइरहेको भएता पनि आयोजनाको निर्माण अवधी लम्बिदै जाँदा लागतमा केहि वृद्धि हुनजाने देखिएकाले थप लागतको व्यवस्थापनका लागि समेत विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसंग छलफल भइरहेको विषय जानकारी गराउँदै शेयरधनीहरुको आशा र भरोशालाई निराशामा परिणत हुन नदिने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो ।

## १०. निर्णयहरु

शेयरधनीबाट उठाइएका जिज्ञासाका सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिमका प्रस्तावहरु स्वीकृतिका लागि निम्नानुसार क्रमशः पेश गर्नुभयो ।

### (क) सामान्य प्रस्ताव तर्फ

१. साधारण सभामा संचालक समितिको तर्फबाट समितिका अध्यक्षज्युले प्रस्तुत गर्नुभएको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई संचालक समितिबाट शेयरधनीहरुको जिज्ञासालाई स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त बार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त

प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित लेखापरीक्षण भएको कम्पनीको आ.व. २०७७/०७८ को आर्थिक विवरणहरु (२०७८ साल आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७/०७८ को नगद प्रवाह विवरण र अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

३. यस कम्पनीको गत आ.व. मा सम्पन्न आठौं वार्षिक साधारण सभाबाट नियुक्त लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री सागर आचार्यबाट लेखापरीक्षण कार्य सम्पन्न भए पश्चात कम्पनीको आ.ब. २०७८/०७९ को लेखापरीक्षण गर्न श्री महालेखापरीक्षकको कार्यालयसंग परामर्श गर्नुपर्ने कानूनी प्रावधान बमोजिम उक्त कार्यालयसंग परामर्श गरिएको र उक्त कार्यालयबाट प्राप्त परामर्श बमोजिम सिफारिस हुनुभएका लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट श्री प्रतिक खनाललाई लेखापरीक्षण शुल्क मु.अ.क. बाहेक गत वर्ष प्रदान गरिएको रकम रु. १८०,०००/- मा रु. १० हजारले बृद्धि गरी हुन आउने रकम मु.अ.क. बाहेक रु. १,९०,०००/( (अक्षरेपी एक लाख नब्बे हजार रुपैयाँ मात्र) उपलब्ध गराउने गरी निजलाई लेखापरीक्षकमा नियुक्त गर्न स्वीकृतीका लागि कम्पनीको संचालक समितिको २५६औं बैठकबाट उक्त विषय साधारण सभामा छलफल तथा पारितका लागि पेश गर्ने निर्णय भएको थियो ।

यसरी श्री महालेखापरीक्षकको कार्यालयबाट सिफारिस हुनुभएका लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्री प्रतिक खनाललाई लेखापरीक्षण शुल्क बापत मु.अ.क. बाहेक जम्मा रु. १,९०,०००.०० (अक्षरेपी एक लाख नब्बे हजार मात्र) दिने गरी आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्ति गर्न सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

**(ख) विशेष प्रस्ताव तर्फ**

१. यस कम्पनीले ने.वि.प्रा. संग गरेको बिद्युत खरिद बिक्री सम्झौताका बखत तयार पारेको आयोजनाको निर्माणको कूल लागत निर्माण अवधीको व्याज बाहेकको रु.१३ अर्व ६८ करोड ४२ लाख रहेको । सोही आधारमा स्वपूँजी तथा ऋणको अनुपात ५०:५० रहने गरी ५०% ऋणका लागि मिति २०६८ साल मंसिर २२ गते कर्मचारी सञ्चयकोषसंग रु. ६ अर्व ८४ करोड २१ लाख दिर्घकालीन ऋण लिने गरी सम्झौता गरिएको । यसै अवस्थामा पनि निर्माण अवधिको व्याज रकम ऋणमा जोड्दा स्वपूंजी भन्दा ऋण रकम स्वत: बढि हुन जाने देखिएको । आयोजना निर्माणाधीन अवस्थामा रहेकाले कम्पनीको संचित मुनाफा (फ्री रिजर्भ) पनि ऋणात्मक नै रहेको । गत आ.व. २०७७/७८ सम्म कम्पनीले कर्मचारी संचयकोषबाट रु. ६ अर्व ९ करोड ९२ लाख र सो को ब्याज १ अर्ब ९७ करोड २४ लाख ९१ हजार ५११ समेत गरी जम्मा रु. ८ अर्व ७ करोड ६९ लाख ९१ हजार ५११ ऋण परिचालन गरिसकेको ।

यस्तो अवस्थामा **कम्पनी ऐन, २०६३ को दफा १०५ : संचालकको अख्तियारीमा प्रतिबन्ध -** (१) मा "कुनै पब्लिक कम्पनी वा बैंक वा वित्तीय संस्थाबाट ऋण प्राप्त गर्ने प्राइभेट कम्पनीको सञ्चालक समितिले शेयरधनीहरुको साधारण सभाबाट विशेष प्रस्ताव पारित नगराई देहायको कुनै काम गर्न गराउन पाउने छैन :-

(ख) नियमित व्यावसायिक कारोबारको सिलसिलामा कम्पनीले बैंक वा वित्तीय संस्थाबाट छ महिनाभन्दा कम अवधिको लागि लिएको ऋण सुविधाबाहेक आफ्नो चुक्ता पुँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकमभन्दा बढी हुने गरी ऋण लिन," भन्ने व्यवस्था रहेको ।

आयोजनाको निर्माणका क्रममा विभिन्न समयमा श्रृजित काबु बाहिरको परिस्थितिका कारण आयोजनामा परेको असरबाट निर्माण अवधि बढ्न गएको । आयोजनाको पछिल्लो संशोधित कार्यतालिका बमोजिम आयोजना निर्माण सम्पन्न गर्ने मिति २०७९ साल आषाढ ११ रहेको र सो अवधिसम्मको निर्माण लागत रु.१६ अर्ब ७४ करोड ९३ लाख हुने अनुमान गरिएको । यसै आ.व.को अन्तिम सम्ममा आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकाले तिर्नुपर्ने सम्पूर्ण रकमको भुक्तानी गर्दा थप ऋणको समेत व्यवस्था गर्नुपर्ने अवस्था रहेको । तसर्थ, यस कम्पनीले आयोजना निर्माणका लागि हाल परिचालन गरेको ऋण र सो मा लाग्ने व्याँज रकम जोड्दा कम्पनीको स्व:पुँजी र सञ्चित मुनाफाको जम्मा रकम भन्दा बढि रहेको । यस पश्चात परिचालन हुने ऋण र निर्माण अवधि सम्ममा लाग्ने व्याँज रकम थप हुँदा ऋण रकम पुन: बढ्न जाने भएकाले कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ख) मा उल्लेखित प्रावधान बमोजिम हालसम्म परिचालन भएको ऋण रकम अनुमोदन हुन र यस पश्चात कर्मचारी संचयकोष तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गर्न स्वीकृती प्रदान गरिदिनुहुन शेयरधनीज्यूहरु समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भएकोले सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा भयो ।

**११. साधारण सभा समापन भएको घोषणा**

कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले महत्वपूर्ण सल्लाह र सुझाव दिई कम्पनीलाई मार्गनिर्देशन गरिदिनु भएकोमा विशेष धन्यवाद दिँदै शेयरधनीहरुको राय सल्लाह तथा सुझाव अनुसार कम्पनीले आगामी दिनमा आफ्नो कार्य गर्दै जाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित तथा भर्चुवल माध्यमबाट सहभागि भई सहज रुपमा सभा संचालन गर्न सहयोग गरिदिनु भएकोमा पुन: सबैलाई धन्यवाद दिँदै सभा समापन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ........................ | | ........................ |
| (नरनाथ न्यौपाने) | | (माधव प्रसाद कोइराला) |
| **कम्पनी-सचिव** | | **अध्यक्ष** |